**जीवनयापन गर्न सहयोगी कार्यक्रमहरु बारे जानकारी**

＊२०२०साल मे महिनाको १ तारिकमा तयार पारिएको, आउदाँ दिनहरुमा पनि परिमार्जन गर्दै लगिनेछ।

**रकम(जीवनयापन खर्च वा व्यवसाय गर्ने पुँजी) ले समस्या पर्दा**

**१. आवास सुरक्षा लाभ (कोठाभाडा) पेज.१**

काम बिदा भएर आम्दानी घटेको, काम बाट निस्केको वा व्यवसाय बन्द भएको अथवा त्यहि सरहको अवस्था भएकोले, आवास बाट बन्चित हुने सम्भावना भएका ब्यक्तिहरुकोलागी, निश्चित समयको लागी कोठाभाडा बराबरको रकम अनुदानमा बढावा दिइनेछ।

**२. आकस्मिक कोष मार्फत श्रृण दिइने (जीवनयापनको लागी) पेज.२**

नँया कोरोना भाइरस संक्रमणको असरले गर्दा काम बिदा भएका, वेरोजगार लगाएतका हरुको लागी, जीवनयापन गर्न रकम नभएर अप्ठ्यारोमा परेका हरुको लागी, आवश्यक रकम सापटी दिइनेछ।

**३. व्यवसाय धान्नको लागी अनुदान(साना・मझ्यौला कम्पनी तथा व्यक्तिगत व्यवसायी) पेज.३**

नँया कोरोना भाइरस संक्रमणको फैलावटले, बिशेष असर परेको व्यवसायीहरुलाई, व्यवसायको निरन्तरता दिन सहयोग होस भनेर, पुन: व्यवसाय सन्चालन गर्नको लागी प्रयोग होस भनेर अनुदान दिइनेछ।

**४. बिना ब्याज・बिना धितोको श्रृण (व्यवसायको लागी) पेज.४**

नँया कोरोना भाइरस संक्रमणको फैलावटको असरले व्यवसायमा नकरात्मक प्रभाव परेका व्यवसायीहरु फ्रिलेन्स समेतका व्यक्तिगत व्यवसायीहरुको लागी, बिना ब्याज・बिना धितो श्रृण प्रदान गरिनेछ।

**५. विषेश तथा निश्चित रकम अनुदान पेज.५**

आधार मिति (२०२० साल अप्रिल महिनाको २७ तारिक) सम्ममा स्थानिय बासिन्दा रजिष्ट्रेशन फाइलमा दर्ता भएका ब्यक्तिहरुले, प्रतिव्यक्ति १लाख जापानी येन प्राप्त गर्नेछन्।＊आवेदनको म्याद र आवेदन दिन शुरु गरेको दिन बाट ३ महिना भित्र

**६. बालबालिका हुर्काउने परीवारलाई अतिरिक्त बिशेष अनुदान (बालबालिका हुर्काउने परीवारको लागी) पेज.६**

नँया कोरोना भाइरस संक्रमणको फैलावटको असर परेका बालबालिका हुर्काउने परीवारको जीवनयापन लाई सहज बनाउने सहयोग कार्यक्रम मध्येको एक, बाल भत्ता(नियमित अनुदान) पाउने परीवारलाई अतिरिक्त बिशेष अनुदान(एक पटक) प्रदान गरिनेछ।

**७. समाजीक वीमा रकमहरु भुक्तानी केहि समय स्थगन गर्न सकिने पेज.७**

जीवनयापन गर्न चिन्ता भएका ब्यक्तिहरुलाई आक्स्मिक सहयोग मध्येको १ सामाजीक वीमा लगाएत, राष्ट्रिय कर वा बत्ति पानी लगाएतका सार्वजानिक सुविधाका रकमको भुक्तानी केहि समय स्थगन गरी पछी तिर्न सकिने अनुमति दिन सकिनेछ।

**८. जीविका चलाउन कष्टप्रद ब्यक्तिको लागी आत्मानिर्भर सहयोग कार्यक्रम पेज.८**

बिभिन्न समस्या भएर जीविका चलाउन कष्टप्रद ब्यक्तिहरुको लागी, प्रत्येकको अवस्था हेरेर आवश्यक बृहत

सहयोग कार्यक्रम लागू गरिएको छ।

**९.कल्याण कार्यक्रम  पेज.९**

वास्तिविक जीविका चलाउन कष्ट भएका ब्यक्तिहरुको लागी, आधारभूत जीवनयापनको सुनिश्चितता र आत्मानिर्भरता बढाउने उदेष्यले गरिविको तह हेरेर जीवन यापन गर्ने खर्च, आवास खर्च लगाएत आवश्यक कल्याणका सुविधाहरु दिइनेछ।

【पुनश्च:】माथी उल्लेखित ५ देखि ९ सम्मको बारेमा, कानागावा बिदेशी आवास सहयोग केन्द्रमा खबर गर्नुहोस्।

**१. आवास सुरक्षा लाभ (कोठाभाडा)　　　पेज.१**

नँया कोरोना भाइरसको सकंक्रमणको फैलावट को असरलाई हेरेर, काम बिदा भएर आम्दानी घटेको, काम बाट निस्केको वा व्यवसाय बन्दै नभएपनि त्यहि सरहको अवस्था भएकोले, आवास बाट बन्चित हुने सम्भावना भएका ब्यक्तिहरुको लागी, निश्चित समयको लागी कोठाभाडा बराबरको रकम अनुदानमा बढावा दिइनेछ।

**आवास सुरक्षा लाभ**

| **लक्षित बर्ग(हालको)** | | **(बढावा पछि)** |
|---|---|---|
| ・ काम बाट निस्केको・व्यवसाय बन्द भएको २ बर्ष भित्रको व्यक्ति | ➡ | ・ काम बाट निस्केको・व्यवसाय बन्द भएको २ बर्ष भित्रको ब्यक्ति<br>・ सम्बन्धित ब्यक्तिको तलब घटेको कारण ब्यक्ति स्वँयमको कारणलने नभइ काम बाट निकालेर वा व्यवसाय बन्द भएर वा त्यहि सरहको कारण भएका |

| | |
|---|---|
| **लक्षित ब्यक्ति** | काम बाट निस्केको・व्यवसाय बन्द भएको २ बर्ष भित्रको अथवा काम बिदा भएर आम्दानी घटेका, काम बाट निकाले सरहको अवस्था भएका ब्यक्तिहरु |
| **प्राप्त गर्ने अवधि** | सिद्धान्तत ३ महिना (इमान्दारि साथ रोजगारी खोजेको हकमा ३ महिना थप गर्दै(बढिमा ९ महिना सम्म)) |
| **प्राप्त गर्ने रकम** | (टोकियो बिशेष वडामा) १जना परीवार: ५३,७००येन, २जना परीवार:६४,०००येन, ३जना परीवार: ६९८०० येन |

**प्राप्त गर्ने शर्तहरु**

○ आम्दानीको शर्तहरु:परीवारको आम्दानीको कुल रकम, स्थानिय नगर वा गाउको वासिन्दा करको औसत दर चाँहि कर मिनाह हुने आम्दानी रकमको १/१२+घरभाडा रकम(आवास सहयोग बिशेष आधारमा तोकिएको रकम भित्र) बढ्न नहुने
(टोकियो बिशेष वडामा) १जना परीवार: १३८,०००येन, २जना परीवार:१९४,०००येन, ३जना परीवार: २४१,००० येन

○ पुँजी शर्त: परीवारको कुल बचत रकम तल तोकिएको बन्दा बढि हुनु हुदैन(तर १० लाख येन नाघ्न भएन) (टोकियो बिशेष वडामा) १जना परीवार: ५०४,०००येन, २जना परीवार:७८०,०००येन, ३जना परीवार: १००,००० येन)

○ रोजगारी खोजेकाहरुको लागी शर्त: इमान्दारि साथ र मिहेनत गरेर काम खोजेको हुनु पर्नेछ।
※आवेदन दिँदा हलोवर्कमा गएर रोजगारी खोजेको आवेदन दिएको हुनुपर्ने छैन(अप्रिल ३० तारिक ～)

● सम्पर्क・आवेदन को लागी
आफु बसेको नगर वा गाउको आत्मनिर्भरता परामर्स सहयोग केन्द्रमा

देशैभरको सम्पर्क सूची　　https://www.mhlw.go.jp/content/000614516.pdf

**२. आकस्मिक कोष・ बृहत श्रृण (जीवनयापनको लागी) पेज.२**

हरेक प्रिफेक्चरको समाज कल्याण परिषदमा नँया कोरोना भाइरस संक्रमणको असरले गर्दा काम बिदा भएका, वेरोजगार लगाएतकाहरुको लागी, जीवनयापन गर्न रकम नभएर अप्ठ्यारोमा परेका हरुको लागी, बिषेश सापटी दिइनेछ।

- **आकस्मिक कोष**(केहि समयको लागी पुँजी आवश्यक परेको ब्यक्ति 〔बिशेषगरी काम बिदा भएका〕 )

  आकस्मिक तथा केहि समयको लागी घर चलाउन समस्या परेको बेला थोरै रकम सापटी दिइनेछ।

**लक्षित ब्यक्ति** नँया कोरोना भाइरसको असरले काम बन्दभएर आम्दानी घटेको, र आपतकालीन अवस्था र हाल जीवन निर्वाह गर्न कठिन भइ सापटी आवश्यक परेको परीवारलाई

※कोरोना भाइरसको असरले आम्दानी कम भएमा, काम बन्द नभए पनि लक्षित बर्गमा पर्नेछ।

**अधिकतम सापटी रकम** स्कुल बन्द, ब्यक्तिगत व्यवसायी जस्ता बिशेष अवस्थामा, २लाख ऐन सम्म
त्यस बाहेकको अवस्थामा, १ लाख ऐन सम्म

**स्थगन अवधी** १ बर्ष सम्म

**रिपेमेन्ट अवधी** २ बर्ष सम्म **सापटी ब्याजदर・जमानत** निर्ब्याज・जमानत नचाहिने

- **बृहत श्रृण (**जीवनयापन पून:सुचारु गर्न आवश्यक ब्यक्ति 〔बिशेषगरी काम बाट निकालिएका हरु〕 )

  जीवनयापन पून:सुचारु रुपमा चलाउनको लागी घरखर्च आवश्यक परेकालाई सापटी दिइन्छ।

**लक्षित ब्यक्ति** नँया कोरोना भाइरसको असरले आम्दानी घटेको वा काम बाट निकालिएर हाल गरिबिले दैनिक चलाउन गार्हो भइ, जीवन निर्वाह गर्न कठिनाइमा परेको परीवारलाई

※कोरोना भाइरसको असरले आम्दानी कम भएमा, काम बाट ननिकालिए पनि लक्षित बर्गमा पर्नेछ।

**अधिकतम सापटी रकम** (२ जना भन्दा बढी परीवार) महिनामा २लाख ऐन सम्म
(एक्लो ब्यक्ति) महिनामा १लाख ५० हजार ऐन सम्म (सापटी अवधी: सामान्यत ३ महिना सम्म)

**स्थगन अवधी** १ बर्ष सम्म

**रिपेमेन्ट अवधी** १० बर्ष सम्म **सापटी ब्याजदर・जमानत** निर्ब्याज・जमानत नचाहिने

※१ यसपालीको बिशेष व्यवस्थामा थपिएको रिपेमेन्ट अवधी भित्र पनि आम्दानी कम भइरहेर वासिन्दा कर मिनाहा गरेको परीवारले रिपेमेन्ट नगरेपनि हुने व्यवस्था गरिएको छ।

※२ सर्वप्रथम, आकस्मिक कोष बाट २लाख सापटि दिएर, अझ पनि आम्दानी घटेको अवस्थामा बृहत श्रृण बाट, २ जना भन्दा बढि परीवार भएको अवस्थामा बढिमा २ लाख येन ३ महिना सम्म सहयोग गरिनेछ।
(अधिक्तम ८ लाख येन सम्म)

सापटि दिने प्रकृया

आवेदक —आवेदन→ नगर,वडा,गाउको समाज कल्याण परिषद वा रोजगार बितिय संस्था —पठाउने→ प्रिफेक्चरको समाज कल्याण परिषद सापटि दिने निर्णय र रकमान्तरण

सामान्य कुराहरुको लागी सम्पर्क गर्न परामर्स कल सेन्टेर

०१२०-४६-१९९९ ※९:०० देखी २१:०० (शनिबार, आइतबार र पर्वबिदाहरु समेत)

- आवेदम दिने ठाँउ आफु बसेको नगर वा गाउको समाज कल्याण परिषद अथवा रोजगार बितिय संस्था
  ※हुलाक मार्फत पनि आवेदन दिन सकिन्छ।

※धेरै प्रिफेकचर, बिशेष नगरपालिकाको समाज कल्याण परिषदको HPमा, लिंकहरु समेटेको, तथा नगर गाउ वडा हरुको समाज कल्याण परिषदको सुचीहरु HPमा राखिएको छ। यो दाँयापट्टिको QRकोड बाट हेर्न सकिन्छ।नभएमा इन्टरनेटमा खोज्नुहोला।

**३. व्यवसाय धान्नको लागी अनुदान  पेज.३**

| |
|---|
| नँया कोरोना भाइरस संक्रमणको फैलावटले, बिशेष असर परेको व्यवसायीहरुलाई, व्यवसायको निरन्तरता दिन सहयोग होस भनेर, पुन: व्यवसाय सञ्चालन गर्नको लागी प्रयोग होस भनेर बिभिन्न व्यवसायमा प्रयोग गर्न मिल्ने गरि अनुदान दिइनेछ। |

- **अनुदानको लक्षित ब्यक्ति**

○ नँया कोरोना भाइरस संक्रमणको असरले गर्दा, एक महिनाको आय अघिल्लो बर्षको उहि महिनाको तुलनामा ५०% भन्दा बढि घट्न गएका व्यवसायिहरु

※१अरब भन्दा बढिको पुँजी भएका ठुला कम्पनीहरु बाहेक (साना・मझ्यौला कम्पनी तथा व्यक्तिगत व्यवसायीहरुलाई लक्षित गरिएको छ। साथै **चिकित्सा क्षेत्र, कृषि, गैरसरकारी संस्था लगाएत कम्पनी बाहेकले पनि आवेदन दिन** सक्नेछन।)

- **अनुदानको रकम**

कम्पनीले २०लाख, ब्यक्तिगत व्यवसायीले १० लाख
(तर, अघिल्लो बर्षको आयबाट घटेको जति अधिकतम दिइनेछ)

आय घटेको हिसाब गर्ने तरिका
अघिल्लो बर्षको कुल आय(व्यवसायको आम्दानी) — (अघिल्लो बर्षको सोहि महिनासंग माइनस ५०% आयलाई १२ महिनाले गुणन गर्ने)
※रकमलाई लाख मा हिसाब गर्नुहोस। लाख भन्दा तलको अंक छ भने त्यो हिसाब नगर्नुहोस।

साना तथा मझ्यौला कम्पनी बित्त・अनुदान परामर्श ०५७०-७८३१८३
※विकडे・शनिबार, आइतबार र पर्वबिदाहरु ※९:०० देखी १९:००

यस प्रणालीको बिस्तृत बिषयमा हाल छलफल चलिरहेको छ, तर आवेदन दिने र अनुदान दिन शुरु गर्ने मिति साथै आवेदन दिन आवश्यक जानकारीहरु लगाएत धैरै सोधिएका प्रश्नहरुबारे, आधारभूत सोचाइहरुलाई अर्थ उधोग तथा ब्यापार मन्त्रालयकोHPमा राखिएको छ।
तलको URLअथवा दाँया भागको QR कोड बाट हेर्न सकिनेछ।
https://www.meti.go.jp/covid-19

**४. बिना ब्याज･बिना धितोको श्रृण (व्यवसायको लागी) पेज.४**

नँया कोरोना भाइरस संक्रमणको फैलावटको असरले व्यवसायमा नकरात्मक प्रभाव परेका व्यवसायीहरु फ्रिलेन्स समेतका व्यक्तिगत व्यवसायीहरुको लागी, बिना ब्याज･बिना धितो श्रृण प्रदान गरिनेछ।

「नँया कोरोना भाइरस संक्रमण बिशेष सापटि」र 「बिशेष ब्याज आपूर्ति प्रणाली」लाई संगै प्रयोग गरेर व्यवहारिक रुपमा निर्ब्याजिकरण गरि, व्यवसाय सञ्चालनको लागी पुँजीको व्यवस्था गरिनेछ।

- 「नँया कोरोना भाइरस संक्रमण बिशेष सापटि」

  नँया कोरोना भाइरस संक्रमणको फैलावटको असरले, क्षणिक रुपमा व्यवसायमा नकरात्मक प्रभाव परेका (हिजोआजको प्रतिमहिनाको आय अघिल्लो वा त्यो भन्दा अगाडिको बर्षको त्यहि बेलाको संग तुलना गर्दा ५% भन्दा बढि घटेको आदि)भएका व्यवासयीहरु (व्यवसायिकता भएका फ्रिलान्स पनि समेटिने) हरुको लागी, पुँजी सापटि दिनेमा छुट्टै प्रणालीको स्थापना गरिएको छ। विश्वास र धितोमा भर नपरी एकरुप ब्याजको रुपमा, पुँजी सापटि दिएको ३ बर्ष सम्म ▲०.९%ब्याज कम गरिनेछ।

  ※ब्यक्तिगत व्यवासयीहरु (व्यवसायिकता भएका फ्रिलान्स पनि समेटिने, साना स्केलको मात्र)लाई परेको असर बारे गुणात्मक रुपमा गरिने ब्रिफिङलाई पनि लचकताका साथ सम्बोधन गरिनेछ।

  **कोष प्रयोग गर्न मिल्ने:** कार्यगत पुँजी, उपकरण आदिको पुँजी **धितो:** बिना धितो

  **सापटि दिइने अवधी:** उपकरण आदि २० बर्ष भित्र, कार्यगत १५ बर्ष भित्र **त्यस्मा स्थगन अवधी:**५ बर्ष

  **लगानी गरिने पुँजीको सिमा(छुट्टै प्रणाली):** साना तथा मझ्यौला कम्पनी ३० करोड येन, राष्ट्रिय ब्यवसाय ६करोड येन

  **ब्याज:** शुरुको ३ बर्षको आधार ब्याज ▲०.९%ब्याज, ४ बर्ष पछीको आधार ब्याज(ब्याजदर घटाउने सिमा: साना तथा मझ्यौला कम्पनी १० करोड येन, राष्ट्रिय ब्यवसाय ३करोड येन

  **●विकडेमा परामर्श गर्न**

  जापान नीति वित्त निगम व्यवसायिक पुँजी परामर्श डायल: ०१२०-१५४-५०५

  ओकिनावा बिकाश बित्त निगम लगानी २ शाखा साना तथा मझ्यौला व्यवासय लगानी कक्ष:०९८-९४१-१७८५

  **●शनिवार आइतबार･पर्व बिदाको दिन परामर्ष गर्न**

  जापान नीति वित्त निगम:०१२०-११२४७६(जनजीवनकार्यक्रम),०१२०-३२७७९०(सानातथामझ्यौला कार्यक्रम)

  ओकिनावा बिकाश बित्त निगम:०९८-९४१-१७९५

- बिशेष ब्याज आपूर्ति प्रणाली

  आवेदनको शुरुवात भइसकेको छैन। यो सुविधा पाउनको लागी आवश्यक पर्ने आवेदनको बिषयमा, बिस्तृत कुरा तय भइसकेपछी सकेसम्म छिटो प्रस्तुत गर्नेछौ।

  ▶जापान नीति वित्त निगमको 「नँया कोरोना भाइरस संक्रमण बिशेष सापटि」मार्फत सापटि लिएका ब्यक्तिगत ब्यवसायिहरुले (व्यवसायिकता भएका फ्रिलान्स पनि समेटिने) लगाएतका हरुको लागी, ब्याज आपूर्ति गरि पुँजीको व्यवस्था गरिनेछ।

  **ब्याज आपूर्ति अवधी:** सापटि लिएको शुरुको ३ बर्ष

  **ब्याज आपूर्ति गर्न मिल्ने अधिक्तम अवधी:** साना तथा मझ्यौला कम्पनी १० करोड येन, राष्ट्रिय ब्यवसाय ३करोड येन

  ●साना तथा मझ्यौला कम्पनी बित･अनुदान परामर्श

  ०५७०-७८३१८३

  (विकडे･शनिबार, आइतबार ※९:०० देखी १७:००)